# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

Faculty of Humanities and Social Sciences
Dean's Office
T.U. Kirtipur

चलानी नं. ..................

मिति : २०८०।०९।२२

**स्नातकोत्तर तहको सम्बन्धन नवीकरण सम्बन्धमा ।**

त्रि.वि. बाट सम्बन्धन प्राप्त गरी मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत सञ्चालित क्याम्पस/कलेजहरूको लागि त्रि.वि.बाट मिति २०७८ असार मसान्तसम्म नवीकरण गरिएको र त्रि.वि. निर्णय अनुसार चारवर्षे कार्यक्रमको लागि चार वर्षमा एकपटक र दुई वर्षे कार्यक्रमका लागि दुई वर्षमा एकपटक नवीकरण गराउनु पर्ने भए अनुसार यस सङ्कायबाट स्नातक तहका लागि २०८२ असार मसान्तसम्म र स्नातकोत्तर तहका लागि २०८० असार मसान्तसम्मको लागि नवीकरणका लागि आवेदन माग गरिएकोमा मिति २०८०।०९।०१ गते बसेको विद्यापरिषद् स्थायी समितिको बैठकले **"त्रि.वि. बाट सम्बन्धन प्राप्त क्याम्पसहरूको नवीकरणका लागि विद्यापरिषदको निर्णय अनुसार स्नातक तहको हकमा २०८२ असार मसान्तसम्म र स्नातकोत्तर तहको लागि २०८० असार मसान्तसम्मको लागि नवीकरण माग गरिएकोमा २०८० असार मसान्तको समय अवधि पनि समाप्त भईसकेको र स्नातक तहको नवीकरण अवधिअनुसार स्नातकोत्तर तहको पनि एक समान बनाउनका लागि तोकिए अनुसारको शुल्क लिई स्नातकोत्तर तहका लागि समेत २०८२ असार मसान्तसम्म नवीकरण गराउन स्वीकृति दिने निर्णय गरियो"** भनी निर्णय भएको हुनाले स्नातकोत्तर कार्यक्रम सञ्चालन गरेको सम्बन्धन प्राप्त क्याम्पस/कलेजहरूले स्नातकोत्तर तहका प्रति कार्यक्रमको २०८२ असार मसान्तसम्मका लागि नियमानुसार लाग्ने नवीकरण शुल्क बुझाई डीनको कार्यालयमा सम्पर्क राख्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

प्रा.डा.कुशुम शाक्य
डीन

कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np

CamScanner